आज मिति २०७५ असार १ गते, शुकबारका दिन बिहान ठिक ७.०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ४०औं बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

| उपस्थिति :- | | पदाधिकारी |
|---|---|---|
| हस्ताक्षर | | |
| १. नगर प्रमुख श्री मोहन बस्नेत | - | अध्यक्ष |
| २. नगर उप-प्रमुख श्री बसन्ती तामाङ (डंगोल) | - | सदस्य |
| ३. १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | - | सदस्य |
| ४. २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - | सदस्य |
| ५. ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खड्का | - | सदस्य |
| ६. ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - | सदस्य |
| ७. ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - | सदस्य |
| ८. ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - | सदस्य |
| ९. ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - | सदस्य |
| १०. ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | - | सदस्य |
| ११. दलित वा अल्पसंख्यक सदस्य श्री रमा पहरी | - | सदस्य |
| १२. दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | - | सदस्य |
| १३. दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | - | सदस्य |
| १४. महिला सदस्य श्री लक्ष्मी भण्डारी | - | सदस्य |
| १५. महिला सदस्य श्री कविता खत्री | - | सदस्य |
| १६. महिला सदस्य श्री शारदा आचार्य | - | सदस्य |
| १७. महिला सदस्य श्री निर्मला मंग्राती | - | सदस्य |
| १८. महिला सदस्य श्री मिना मगर | - | सदस्य |
| १९. प्रमुख प्रशासकीय अधिकृत श्री सुशीला पौडेल (ढकाल) | - | सचिव |
| आमन्त्रित :- | | |
| २०. श्री सोमा खड्का | - | शाखा अधिकृत |
| २१. श्री बिष्णु बहादुर के.शी | - | लेखा अधिकृत |
| २२. श्री मन्दिरा मर्हजन | - | नायब सुब्बा |

**निर्णय**

१) मिति २०७५ साल असार १० गते आईतवार बिहान ११.०० बजे नगर सभा गर्ने ।

२) नगरपीलका क्षेत्र भित्रका उपभोक्ता समिति र भुकम्प पिडितहरुलाई राहत दिने प्रयोजनको लागी खानी अनुगमन समितिको प्रतिवेदन बमोजिम गाडी भाडा बाहेक खानीबाट बालुवा खरिद गर्न लाग्ने रकममा २५% छुट गरी खानीवालाले वालुवा उपलब्ध गराउनु पर्ने र कित्ता नं १००, ११०, १११, ११२, ११५, १३५ बमोजिमका कित्ताहरुमा मात्र उत्खननको गरी माता दक्षिणकाली रोडा ढुंगा बालुवा उद्याग प्रा .लि लाई अस्थायी अनुमति दिने । यस कामको व्यवस्थापन/अनुगमनको लागी महेश लामा (वडा नं १), मोहन खड्का (वडा नं ६), सरोज के.शी (वडा नं २) र महेश तामाङ (वडा नं ७) लाई जिम्मेवारी दिने ।

३) दक्षिणकाली नगरपालिका क्षेत्र भित्रबाट ढुंगा, ग्रावेल, रोडा, बालुवा, माटो, प्लेट, खरिढुंगा तथा सिमेन्टलाई आवश्यक पर्ने कच्चा पदार्थ आदी प्राकृतिक श्रोतहरुको निकासी कर २०७५ साल श्रावण १ गते देखी लागु हुने गरी दक्षिणकाली नगरपालिका आफैले लगाउने र यसको जानकारी जिल्ला समन्वय समितिलाई दिने ।

४) निम्न योजनाहरुको लागत इष्टिमेट संशोधन गर्ने ।

क) ईखापोखरी ढल व्यवस्थापन रु४,००,०००/- (अक्षेरुपी चार लाख रुपैया मात्र) द.न. पा वडा नं ५

ख) गोल बहाल ढल व्यवस्थापन रु ६,००,०००/- (अक्षेरुपी छ लाख रुपैया मात्र) द.न. पा वडा नं ५

ग) ईखापोखरी पिपलबोट ढुंगा छपाई रु १,००,०००/- (अक्षेरुपी एक लाख रुपैया मात्र) द. न. पा वडा नं ५

घ) बसपार्क ड्रेन (हाल सडक बिस्तार) मा रु७,३९,२७६/१६ (अक्षेरुपी सात लाख उन्नचालिस हजार दुई सय छयत्तर रुपैया र पैसा सोह्र मात्र) द. न.पा वडा नं ५

ङ) घट्टे खोला डाँडा गाउँ जाने बाटो रु३,००,०००/- (अक्षेरुपी तीन लाख रुपैया मात्र) द. न.पा वडा नं ५

च) चालनाखेल मनकामना मन्दिर देखी लामा टोल जाने बाटो रु८,३०,०००/- (अक्षेरुपी आठ लाख तीस हजार रुपैया मात्र) द. न. पा वडा नं १

छ) शक्ति पुरुष नारायण मन्दिर निर्माण (ढलान छानाको ठाउँमा पाटा ढलान) रु २,००,०००/- (अक्षेरुपी दुई लाख रुपैया मात्र) द न.पा वडा नं ५